# दुधौली नगरपालिका
## Dudhauli Municipality
## नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

दुधौली, सिन्धुली, ३ नं. प्रदेश, नेपाल
Dudhauli, Sindhuli 3 No Province, Nepal

प.सं:-०७४/०७५
च.न.:१३३६

मितिः-२०७५/०१/१३

**आ.व. ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि सुझाव उपलब्ध गराईदिने सम्बन्धी सूचना।**

यस दुधौली नगरपालिकाले आगामी आर्थिक वर्ष ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने सम्बन्धी प्रारम्भिक कार्य आरम्भ गरेकोले नगरपालिकाको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिनुपर्ने तपशीलका विषयका सम्बन्धमा आफ्ना कुनै राय, सुझाव र प्रतिक्रियाहरु भए यही मिति २०७५ साल बैसाख मसान्त भित्र यस नगरपालिकाको इमेल ठेगाना dudhaulinp@gmail.com वा नगरपालिकाको योजना शाखा वा नगरप्रमुखको सचिवालयमा उपलब्ध गराई दिनुहुनको लागि सम्पूर्ण राजनैतिक दल, विभिन्न संघ संस्था, समाजसेवी, बुद्धिजीवि, विज्ञ, व्यवसायी, पेशाकर्मी, कर्मचारी, सञ्चारकर्मी लगायत सबै नगरबासीहरुमा हार्दिक अनुरोध गर्दछु।

**तपशील:-**

१. आर्थिक विकास सम्बन्धी (कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र बजारीकरण, पशु स्वास्थ्य, उद्योग तथा वाणिज्यको विकास र विस्तार, पर्यटन, वित्तिय क्षेत्र र सहकारी)
२. सामाजिक विकास सम्बन्धी (आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, खानेपानी सेवा व्यवस्थापन, स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धन, खेलकुद, लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्ग )
३. पूर्वाधार विकास (स्थानीय सडक र यातायात व्यवस्थापन, पुल र झोलुङ्गे पुल, साना सतह तथा भूमिगत सिंचाई,शहरी पूर्वाधार विकास, शहरी वस्ती विकास, उर्जाको विकास, लघु तथा साना जलविधुत, वैकल्पिक उर्जा र सञ्चारको विकास)
४. वातावरण तथा विपद् व्यवस्थापन (वन तथा भू-संरक्षण,जलाधार संरक्षण, वातावरण संरक्षण र जलवायू परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप तथा नदी कटान नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन)
५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन (नगरपालिका र वडा कार्यालयहरुबाट हुने नियमित सेवा प्रवाह, सुरक्षा व्यवस्था, सूचना प्रविधिको उपयोग, पञ्जिकरण व्यवस्थापन र सामाजिक सुरक्षा भत्ता, स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन, अध्ययन अनुसन्धान)
६. आवधिक योजना, रणनैतिक योजनाको निर्माण।
७. राजश्वको अभिवृद्धि, स्थानीय स्रोतको परिचालन र जनसहभागिताको अभिवृद्धि।
८. सामाजिक एवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूल प्रवाहमा पछि परेका वर्ग वा समूहको उत्थान एवं मूलप्रवाहीकरण।
९. अन्य।

२०७५/१/१३

............................
घनश्याम राउत
घनश्याम राउत
नगर प्रमुख

"एक घर एक शौचालय दुधौलीको शान-स्वच्छ सफा र हरियाली नगर हाम्रो अभियान"

E-mail- dudhaulinp@gmail.com, Phone No: 047-412051